# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हात्तिगौडा, काठमाण्डौका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/१९ गते मंगलबारको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/११/१३ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितो लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्योहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, **हात्तीगौडा, काठमाण्डौमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात् मिति २०८३/०३/०३ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, **हात्तीगौडा, काठमाण्डौमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| **क. ऋणी तथा जमानतकर्ताको विवरणः** | |
|---|---|
| **ऋणी : ठुलोवावु राई** (ना.प्र.नं. ४/६९६४-०४४/४५, जारी मिति २०४५/०१/१७, प्रतिलिपि जारी मिति २०७१/०९/१७, जि.प्र.का. धादिङ्ग) ।<br>ठेगाना : धादिङ्ग जिल्ला धुनिबेंशी न.पा. वडा नं. ९ (साबिक नौबिसे गा.वि.स. वडा नं. ४) ।<br>बाबु : सुन्तले राई । बाजे : भैरब बहादुर राई । | **जमानतकर्ता : गिता राई** (ना.प्र.नं. ३१७२९, जारी मिति २०५६/०५/०७, जि.प्र.का धादिङ्ग) ।<br>ठेगाना : धादिङ्ग जिल्ला धुनिबेंशी न.पा. वडा नं. ९ (साबिक नौबिसे गा.वि.स. वडा नं. ४) ।<br>बाबु : रण बहादुर पाण्डे क्षेत्री ।<br>पति : ठुलोवावु राई । ससुरा : सुन्तले राई । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

**ऋणी ठुलोवावु राई**को नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता श्रेष्ता कायम रहेको धादिङ्ग जिल्ला नौबिसे गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. ४ग स्थित कित्ता नं. २३३ क्षेत्रफल १-०-१-२ (रोपनी)को घर/जग्गा र ऐ.ऐ. वडा नं. ४ नक्सा सिट नं. ४ख कित्ता नं. २९३ क्षेत्रफल ०-४-०-० (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय हत्तिगौडा काठमाण्डौबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय हत्तिगौडा काठमाण्डौमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**

Size: 3x22